**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख २० गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख २० गते  प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार वैशाख २० गते गण्डकी प्रदेशमा ६ जनाको नमूना सङकलन गरी परिक्षण गरिएको छ । हालसम्म प्रदेशमा ६ सय ३३ जनाको स्वाब परीक्षण गरिएकको छ भने ६ सय ३१ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेशमा वैशाख २० गते सम्म कुल ५ हजार ८ सय ३४ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
मादी गाउँपालिका वडा नम्बर ५ मा लकडाउनका कारण अस्पतालसम्म पुग्न नपाइ औषधि सेवन गर्न नपाएका, असहाय, अशक्त र नियमित उपचारबाट वञ्चित करिब ५६ जना बिरामीको घरघरमा पुगेर स्वास्थ्य चेकजाँच तथा निःशुल्क औषधि वितरण गरिएको जनप्रतिनिधि सरोज केसीले जानकारी दिनुभयो ।
लेखनाथ उद्योग वाणिज्य सङघले पोखरा महानगरपालिका वडा नम्बर २६ देखि ३३ सम्मका अति विपन्न परिवारका लागि दैनिक रूपमा बिहान र बेलुकाको खाना खुवाउने कार्यक्रम जारी रहेको छ । वैशाख ९ गते देखि प्रत्येक दिन करिब १२ सय जनालाई बिहान बेलुकाको खाना खुवाउँदै आएको सङघका अध्यक्ष बलराम ढकालले जनाकारी दिनुभयो । उहाँका अनुसार वडाको सिफारिस र स्थानीय टोल विकास सस्था तथा आमा समूहको सहयोगमा नामावली सङकलन गरी बिहान ९ बजे र बेलुका ६ बजे खाना तयार गरी वितरण गर्ने गरिएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सिर्जना पन्तक**का अनुसार लकडानका कारण जिल्लाका धेरै विकासका कामहरू प्रभावित भएपनि एक निर्वाचन क्षेत्र एक सडक अन्तरगत बागलुङ क्षेत्र नम्बर १ अन्तरगतको बागलुङ बजार सिगाना हुँदै बरेङ शान्तिपुर जोड्ने सडकमा लकडाउनमै धमाधम काम भइरहेको छ । ३५ जना मजदुरले तीन खण्डमा विभाजित भएर सुरक्षित साथ सडकको ग्याविन चिन्ने, पर्खाल लगाउने, पक्की नाली र केही सडक ढलान गर्ने कार्य समेत भइरहेको बागलुङ नगरपालिका-८ सिगानाका वडा अध्यक्ष राजन जिसीले जानकारी दिनुभयो । उहाँले लकडाउनमै वडा कार्यालय अन्तरगतको बजेटले वडा कार्यालय क्षेत्रमा सडक चौडा पार्ने योजना सम्पन्न भएको समेत जानकारी दिनुभयो । सडकको कटिङग र ग्राबेल सहितको स्तरोन्नतीका लागि संङघीय सरकारको १ करोड रुपियाँ तथा प्रदेश सरकारको १ करोड ५० लाख रुपियाँ बजेट विनियोजन भएको थियो । यस रकमबाट बागलुङ नगरपालिका-३ बोक्से घुम्टी देखि वडा कार्यालय सम्मको झण्डै चार किलोमिटर सडकको स्तरोन्नती भइरहेको छ । लकडाउनका कारण घर फर्कन थालेका ३५ कामदारलाई रोकेर सडक निर्माणमा लगाएको वडा अध्यक्ष जिसीले बताउनुभयो । लकडाउनका कारण विकास निर्माणका काम प्रभावित हुन नदिनका लागि मजदुरहरूलाई खाद्यन्नसँगै अन्य व्यवस्थापन समेत वडा कार्यालयले गरेर काम गरिरहेको उहाँले बताउनुभयो । अहिले सडकको स्तरोन्नतीको काम अन्तिम चरणमा रहेको छ । वडा कार्यालयले मजदुरहरूलाई हाल सम्म १०० केजी चामल र १० केजी दाल सहयोग गरिसकेको भन्दै वडा कार्यालयले लकडाउन थपिदै जादा पुनः सहयोग गर्ने जनाएको छ ।

बागलुङको बडिगाड गाउँपालिका वडा नम्बर २ र ५ मा रहेका सबै खाद्य पसलहरूको अनुगमन गरी म्याद गुज्रेका सामग्री बरामद गरिएको छ । स्थानीय बजारबाट खरिद गरी राहत वितरण गरिएको सामग्रीमा म्याद सकिएको चाउचाउ भेटिएको गुनासो आएपछि गाउँपालिकाले तत्काल अनुगमन गरेको हो । वडा नम्बर २ भित्रका खर्वाङ, हाँडिखोला, खारपानी र राक्से क्षेत्रका सबै खाद्य पसल अनुगमन गरि ३० हजार बढिको म्याद गुज्रेका खाद्य सामग्री नष्ट गरिएको गाउँपालिकाका सुचना अधिकारी थम्मन रेश्मीले जानकारी दिनुभयो । जिल्ला समन्वय समिति बागलुङका उपप्रमुख विष्णु प्रसाद भुसाल, गाउँपालिका अध्यक्ष मेहरसिंह पाइजा, उपाध्यक्ष अम्मर बहादुर श्रीस, प्रमुख प्रशासकीय अधिकृत बालाकृष्ण सुवेदी, सहितको टोलीले अनुगमनका क्रममा तेल, चाउचाउ, आटा, दालमोठ, भुजा, बिस्कुट, चियापत्ती लगाएतका खाद्य सामग्री म्याद सकिएको भेटिएको थियो । वडा नं. २ का २४ वटा पसलमा गरिएको अनुगमनमा २३ ओटा पसलमा कुनै न कुनै अखाद्य वस्तु भेटिएको अनुगमन समितिका संयोजक समेत रहनुभएका गाउँपालिका उपाध्यक्ष अम्मर बहादुर श्रीसले जानकारी दिनुभयो । गाउँपालिकाले सवै व्यवसायीलाई म्याद सकिएका अखाद्य वस्तु तुरून्त हटाउन निर्देशन दिँदै अनुगमन निरन्तर गर्ने र आगामी दिनमा भेटिए कडा कारवाही गर्ने चेतावनी समेत दिएको छ । बडिगाड गाउँपालिकाले राहत वितरण गर्दा उद्योग वाणिज्य सङ्घसँग समन्वय गरी स्थानीयतहले कुपन जारी गर्ने र उपभोक्ताले पसलबाटै सामग्री लैजाने व्यवस्था मिलाएको थियो ।

वैशाख १९ गते धौलागिरी अञ्चल अस्पताल बागलुङमा फुल बडी सेनेटाइजर टनेल जडान गरिएको छ । धौलागिरी अञ्चल अस्पताल बागलुङका मेडिकल सुपरिटेण्डण्ट डा. शैलेन्द्र वि पोखेलले विश्व स्वास्थ्य सङगठनको निर्देशन अनुसार छिमेकी देश भारतका विभिन्न स्थानमा गरिँदै आइएको फुल बडी स्प्रेमा रोक लगाइएको समयमा बागलुङको अस्पताललाई टनेल उपलब्ध भएपनि प्रयोगमा नल्याइने बताउनुभएको छ । सबैलाई फुल बडी सेनेटाइजरको बेफाइदाको बारेमा जानकारी नहुन सक्छ । -उहाँले भन्नुभयो- 'अस्पताललाई सहयोगको रूपमा प्रयोग भएको टनेल फिर्ता गर्दा सहयोग गर्नेहरूको मनोबलमा असर पर्न सक्छ, यसलाई हामीहरूले फरक तरिकाले प्रयोग गर्छौ । '

उहाँहरूले फुल बडी सेनेटाइज भनेपनि यसलाई हातको सेनेटाइजमा मात्र प्रयोग गरिने बताउनुभयो । उहाँले इथानोल, सोडियम हाइपोक्लोराइट मिसावट गरेर बनाएका स्प्रे मानव शरीरको लागि घातक हुने र विषेश गरी कृषि भेटनरी अस्पताल लगाएतका भाइरसको सङक्रमण हुन सक्ने कडा सतह भएका स्थानमा प्रयोग गरिने केमिकल मिसावट गरेर बनाइएको स्प्रे मानिसको पुरै शरीर भिज्ने गरी प्रयोग गर्दा छाला, आँखा, मुख, घाँटी र फोक्सोमा असर पुऱ्याउने जानकारी दिनुभयो ।

डा. पोखेलले कोरोना भाइरसको बारेमा फैलाइएका अफवाहलाई रोक्न विश्व स्वास्थ्य सङगठनले सञ्चालन गरेको 'मिथ्स बस्टर्स' वेबसाइटमा प्रष्ट रूपमा अल्कोहल, क्लोरिनजस्ता केमिकलहरूले शरीरभित्र रहेको भाइरस नमार्ने, बाहिरी लुगामा हुने भाइरस मार्ने प्रमाण पनि नभएको र उल्टै शरीरको अङगहरूमा हानि गर्ने हुँदा यिनीहरूको प्रयोग नगर्न चेतावनी समेत दिएको बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार जिल्लाको कावासोती नगरपालिकाले कोरोना महामारीको कारण स्थगित भएको एसइइ परिक्षाको तयारीमा रहेका विद्यार्थीलाई लक्षित गरी स्थानीय टेलिभिजन र रेडियो मार्फत शैक्षिक कार्यक्रमको प्रसारण सुरू गरेको छ । नगरपालिकाको आर्थिक सहयोगमा उत्पादन गरिएको कार्यक्रम टेलिभिजन र अनलाइन मार्फत भिडियोमा तथा रेडियोमा अडियो मार्फत प्रसारण गरिने नगरपालिका उपप्रमुख प्रेमशंकर मर्दनियाले बताउनुभयो ।

जिल्लाको सवारी पासमा कडाइ गरिएको भएपनि अनुमति बिनाको सवारीहरू राजमार्गमा गुड्न थालेपछि जिल्ला प्रहरी कार्यालयले सवारी जाँचलाई तिव्रता दिएको छ । राजमार्ग क्षेत्रमा सवारीको अनुगमन भएपनि ग्रामीण क्षेत्रमा अत्याधिक सवारी प्रयोग तथा मानिसहरूको आवतजावत बढेको देखिन्छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वत कोरोना अस्थायी अस्पतालमा कोरोना भाइरस परीक्षणका लागि स्वाब सङकलन बुथ स्थापना गरिएको छ । पर्वतको कुश्मा नगरपालिका वडा नम्बर ४ स्थित गुप्तेश्वर बहुमुखी क्याम्पसमा सञ्चालित कोरोना अस्पतालमा स्वाब सङकलन बुथ स्थापना गरी वैशाख १९ गते देखि सञ्चालनमा ल्याइएको हो । पर्वत अस्पताल र जिल्लाका सात ओटै स्थानीयतहको सहकार्यमा सञ्चालित अस्पतालमा कोरोना भाइरसको आशङका लागेका बिरामीहरूको स्वाब सङकलनका लागि बुथ निर्माण गरिएको  पर्वत अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शिशिर देवकोटाले जानकारी दिनुभयो ।
पूर्ण रूपमा वैज्ञानिक र सुरक्षित रूपमा निर्माण गरिएको यस बुथवाट स्वाब सङकलन गर्दा चिकित्सक एवंम स्वास्थ्यकर्मीलाई हुने सङक्रमणको जोखिम नहुने र यसको प्रयोगबाट स्वास्थ्यकर्मीले लगाउने पीपीइ लगायतका अन्य स्वास्थ्य सामग्रीको बचत हुने समेत उहाँले बताउनुभयो । स्वाब सङकलन बुथ पाएसँगै अस्पतालले कोरोना भाइरसको संक्रमणको आशंका गरिएका बिरामीहरूलाई पनि राम्रो सेवा दिन सक्ने भएको छ । बुथमा प्रयोग गरिएका सामग्रीहरू गुणस्तरीय रहेको र बुथ भित्र राम्रोसँग हावा पास हुने व्यवस्थालाई सुरक्षित बनाइएको छ ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेल**का अनुसार हिमालपारीको जिल्ला मुस्ताङका प्रमुख जिल्ला अधिकारी बेद प्रसाद अर्यालले चिसोका कारण जिल्ला बाहिर गएका मुस्तङगीहरू लकडाउनका कारण अलपत्र पर्ने अवस्था आएको र सबैको समन्वयमा सामुहिक रूपमा जिल्लावासीलाई भित्राइसकेपछि अत्यावश्यक बाहेक अन्य कसैलाई पनि जिल्ला प्रवेश गर्न नदिने नीति बनाइएको बताउनुभयो । वारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष सहित तीन सय भन्दा बढी व्यक्ति क्वारेण्टाइनमा बसेका छन् । लकडाउनका कारण काठमाडौं र पोखरामा अलपत्र परेका व्यक्तिको उद्धार गरी गाउँपालिका पुर्याएपछि गाउँपालिका अध्यक्ष फेन्चोन छेप्तेन गुरुङ सहित स्थानीयतहका सबै विद्यालयमा बनाइएको क्वारेण्टाइन बसेका हुन् । वारागुङ्ग मुक्ति्क्षेत्र गाउँपालिका मुस्ताङमा गाउँपालिकाका स्वास्थ्य संयोजक खगेन्द्र बोहराले कुनै पनि जोखिम नहोस भनेर सबै क्वारेण्टाइनमा बसेको जानकारी दिनुभयो । १४ दिनसम्म स्वास्थ्यकर्मीले क्वारेण्टाइनमा बसेका सबैको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइएको बोहोराले बताउनुभयो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार मनाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य पाल्देन छोपांग गुरुङको पहलमा जाडो छल्न काठमाडौं झरेका मनाङगीहरू लकडाउनका कारण रोकिएकाहरू गाउँ फर्किएको बताउनुभयो । काठमाडौमा रोकिएका मंनाङगीलाई काठमाडौं देखि गाउँ ल्याउन समन्वय गरेको संसद गुरुङले बताउनुभयो । सङघिय संसद कर्मा घलेको सहयोगमा माथिल्लो मनाङमा ६० जना भन्दा बढी स्थानीयवासी गाउँ पुगेका छन् । मनाङका सहायक प्रमुख जिल्ला अधिकारी एवंम सूचना अधिकारी सारदा चालिसेले चैत १ गते देखि यता ९८५ जना जिल्ला भित्रिएको बताउनुभयो ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**